# <u>केही उद्योग तथा वन सम्बन्धी ऐनलाई संशोधन गर्न बनेको विधेयक</u>

**<u>प्रस्तावनाः</u>** प्रचलित उद्योग तथा वन सम्बन्धी प्रदेश ऐनमा समसामयिक संशोधन गर्न वाञ्छनीय भएकोले,

सुदूरपश्चिम प्रदेशको प्रदेश सभाले यो ऐन बनाएको छ ।

१. **<u>संक्षिप्त नाम र प्रारम्भः</u>** (१) यस ऐनको नाम "केही उद्योग तथा वन सम्बन्धी प्रदेश ऐन संशोधन गर्ने ऐन, २०८१" रहेको छ ।

(२) यो ऐन तुरन्त प्रारम्भ हुनेछ ।

२. **<u>सुदूरपश्चिम प्रादेशिक औद्योगिक व्यवसाय ऐन, २०७५ मा संशोधनः</u>** सुदूरपश्चिम प्रादेशिक औद्योगिक व्यवसाय ऐन, २०७५ को,-

(१) दफा ३ को उपदफा (२) मा रहेको "त्यस्ता उद्योगले प्रदेशको उद्योग दर्ता गर्ने निकायमा यो ऐन लागु भएको मितिले एक वर्षभित्र अभिलेखीकरण गरी अद्यावधिक गर्नु पर्नेछ ।" भन्ने वाक्यांश झिकिएको छ ।

(२) दफा १६ को,-

(क) उपदफा (१) को,-

(अ) खण्ड (क) को उपखण्ड (४) मा रहेका "पचास लाख" भन्ने शब्दहरूको सट्टा "एक करोड" भन्ने शब्दहरू राखिएका छन् ।

(आ) खण्ड (ग) मा रहेका "दश करोड" भन्ने शब्दहरूको सट्टा "पन्ध्र करोड" भन्ने शब्दहरू राखिएका छन् ।

(इ) खण्ड (घ) मा रहेका "दश करोड रुपैयाँभन्दा बढी पच्चिस करोड रुपैयाँसम्म" भन्ने शब्दहरूको सट्टा "पन्ध्र करोड रुपैयाँभन्दा बढी पचास करोड रुपैयाँसम्म" भन्ने शब्दहरू राखिएका छन् ।

(ई) खण्ड (ङ) मा रहेका "पच्चिस करोड" भन्ने शब्दहरूको सट्टा "पचास करोड" भन्ने शब्दहरू राखिएका छन् ।

(ख) उपदफा (२) मा रहेका "विदेशी लगानीमा सञ्चालन भएको र संघीय कानून बमोजिम नेपाल सरकारको अनुमति लिनुपर्ने" भन्ने शब्दहरूको सट्टा "नेपाल सरकारको औद्योगिक व्यवसाय सम्बन्धी कानून बमोजिम संघीय सरकारको क्षेत्राधिकार अन्तर्गत पर्ने" भन्ने शब्दहरू राखिएका छन् ।

(ग) उपदफा (३) को खण्ड (ङ) मा रहेका "निर्माण उद्योग" भन्ने शब्दहरूको सट्टा "पूर्वाधार उद्योग" भन्ने शब्दहरू राखिएका छन् ।

(घ) उपदफा (३) को खण्ड (झ) झिकिएको छ ।

(३) परिच्छेद-४ मा रहेको शिर्षकको सट्टा देहायको शिर्षक राखिएको छः-

"<u>उद्योग तथा लगानी प्रवर्धन सम्बन्धी संस्थागत व्यवस्था</u>"

(४) दफा १९ को उपदफा (३) पछि देहायको उपदफा (३क) थपिएको छः-

"(३क) उपदफा (१) बमोजिमको बोर्डको बैठक वर्षमा कम्तीमा दुई पटक बस्नु पर्नेछ ।"

(५) दफा १९ र २० को ठाउँ ठाउँमा रहेका "समिति" भन्ने शब्दको सट्टा "बोर्ड" भन्ने शब्द राखी रुपान्तर गरिएको छ ।

३. **<u>निजी व्यवसाय ऐन, २०७६ मा संशोधन</u>**: निजी व्यवसाय ऐन, २०७६ को,-

(१) दफा २ को खण्ड (ज) मा रहेका "तोकेको निकाय" भन्ने शब्दहरूको सट्टा "तोकेको वाणिज्य तथा उद्योग हेर्ने निर्देशनालय वा कार्यालय भन्ने शब्दहरू राखिएका छन् ।

(२) दफा ३ को,-

(क) उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छः-

"(२) यो ऐन प्रारम्भ हुनु अघि प्रचलित कानून बमोजिम दर्ता भएका व्यवसाय स्वतः यस ऐन बमोजिम दर्ता भएको मानिनेछ ।"

(ख) उपदफा (३) को सट्टा देहायको उपदफा (३) राखिएको छः-

"(३) उपदफा (२) बमोजिम दर्ता भएका व्यवसायले तोकिए बमोजिम नवीकरण गर्नु पर्नेछ ।"

(३) दफा ५ को उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छः-

"(२) यो दफा प्रारम्भ हुनु अघि कुनै कारणवश नवीकरण गर्ने म्याद समाप्त भई नवीकरण हुन नसकेका व्यवसाय भएमा जतिसुकै अवधि व्यतित भएको भए तापनि तोकिए बमोजिम नवीकरण गर्न सकिनेछ ।"

४. **<u>साझेदारी व्यवसाय ऐन, २०७६ मा संशोधन</u>**: साझेदारी व्यवसाय ऐन, २०७६ को,-

(१) दफा २ को खण्ड (ज) को सट्टा देहायको खण्ड (ज) राखिएको छः-

"(ज) "सम्बन्धित निकाय" भन्नाले प्रदेश सरकारले तोकेको उद्योग तथा वाणिज्य हेर्ने निर्देशनालय वा कार्यालयलाई जनाउँछ ।"

(२) दफा ११ को,-

(क) उपदफा (१) मा रहेका "यो ऐन प्रारम्भ भएको मितिले एक वर्षभित्र" भन्ने शब्दहरूको सट्टा "तोकिएको समयावधिभित्र" भन्ने शब्दहरू राखिएका छन् ।

(ख) उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छः-

"(२) उपदफा (१) बमोजिम कबुलियत पेस भएकोमा सम्बन्धित निकायले पन्ध्र दिनभित्र व्यवसायको कबुलियत स्वीकृत गर्नु पर्नेछ ।"

(३) दफा १३ को उपदफा (८) को सट्टा देहायको उपदफा (८) राखिएको छः-

"(८) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यो ऐन प्रारम्भ हुनु अघि कुनै कारणवश नवीकरण गर्ने म्याद समाप्त भई नवीकरण हुन नसकेका व्यवसाय भए जतिसुकै अवधि व्यतित भएको भए तापनि तोकिए बमोजिम नवीकरण गर्न सकिनेछ ।"

**५. सुदूरपश्चिम प्रदेश वन ऐन, २०७७ मा संशोधनः** सुदूरपश्चिम प्रदेश वन ऐन, २०७७ को,-

(१) दफा ७५ को सट्टा देहायको दफा ७५ राखिएको छः-

"**७५. वन पैदावार सङ्कलन सम्बन्धी विशेष व्यवस्थाः** बाढी, पहिरो, हावाहुरी, आगलागी, रोगव्याधि तथा किटपतङ्ग जस्ता विपद्जन्य घटनाका कारण वन पैदावारको क्षति हुन गई सुखड खडा तथा ढलापडा रुखको काठ दाउरा सड्ने वा नासिने भई स्वीकृत कार्ययोजनामा तोकिएको वार्षिक परिमाणभन्दा बढी सङ्कलन गर्नु पर्ने भएमा मन्त्रालयको सहमति लिई त्यस्ता वन पैदावारलाई प्रचलित संघीय कानून बमोजिम सङ्कलन गर्न सकिनेछ ।"

(२) दफा ९० पछि देहायको दफा ९०क. थपिएको छः-

"**९०क. सहमति लिनु पर्नेः** संघीय सरकार, स्थानीय तह वा अन्य संघ संस्थाले प्रदेशको क्षेत्राधिकार अन्तर्गत रहेको वन क्षेत्रमा कुनै आयोजना सञ्चालन गर्नु पर्ने भएमा वा वातावरणमा प्रभाव पर्ने कुनै कार्य गर्नु पर्ने भएमा त्यस्तो कार्य गर्नु अघि मन्त्रालयको सहमति लिनु पर्नेछ ।"